# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस ८ गते २०३७ साल


श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, रूपन्देहीको प्र. जि. अ. श्री पद्मराज सुवेदी गृह पञ्चायत मन्त्रालयमा काज रहनुभएकोले निज काजबाट फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि.अ. (रा. प. प्रथम श्रेणी) पदमा नि. से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला कार्यालय, पाल्पाको प्र. जि. अ. श्री गजेन्द्रबहादुर मूललाई मिति २०३७।४।१२ देखि का. मु. मुकरर गरिएको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, भोजपुरको प्र. जि.अ. श्री पुरुषोतम ढकाल घर बिदामा बस्नुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री धर्मानन्द घिमिरेलाई मिति २०३७।५।१२ देखि मिति २०३७।६।७ सम्म का. मु. मुकरर गरिएको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।